निर्वाचन पर्यवेक्षण समिति नेपाल
Election Observation Committee Nepal ( EOC-Nepal)

मितिः २०७४।०६।२८

## प्रेस विज्ञप्ति

संसद विघठन हुनु एक दिन अगाडि सरकारले निर्वाचन आचरसंहिता विपरित मन्त्रि परिषद विस्तार गरको विषयमा निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी) को गम्भिर आपत्ती छ ।

२०७४ मंसिर १० र २१ गते केन्द्रिय प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचन घोषणा भई निर्वाचन आचारसंहितासमेत लागू भइसकेको अवस्थामा निर्वाचन आचारसंहितासम्बन्धी निर्वाचन आयोगसँगको सर्वदलिय सहमतिमा हस्ताक्षरसमेत गरिसकेको अवस्थामा त्यसको विपरित मन्त्रि परिषद विस्तार गर्नुको कुनै औचित्य छैन ।

आचार संहिताको दृष्टिकोणले यो गम्भिर विषय हो र यसले देशमा द्वन्द्व बढाउँछ। संविधान, ऐन, कानून, नीति नियम पालना गर्न र कार्यान्वयन गराउन असहज हुन सक्छ। लोकतान्त्रिक सरकारप्रतिको जनविश्वास घट्दै जान्छ। खासगरी राज्यको संबैधानिक अङ्ग निर्वाचन आयोगको गरिमामय प्रतिष्ठा माथि प्रश्न उठ्न सक्छ ।

अतः नेपाली नागरिक, राजनैतिक दलहरु तथा मतदाताहरुको भावना विपरित गरिएको मन्त्रि परिषद विस्तार रोकिनु पर्छ। यसकोलागि निर्वाचन आयोगले आफ्नो भूमिका ससक्त बनाइनु पर्छ

प्रदिप पोखरेल
अध्यक्ष

Buddhangar -10, Kathmandu Nepal
Tel. 01-4784568, Fax. 01-4781044Email. eocnepal123@gmail.com,Web site : www.eocnepal.org.np